जि.प्र.का.सिरहा द.नं. ८७–०७०/७१

तराई मधेशको लोकप्रिय पत्रिका

# मार्गानुगामी

राष्ट्रिय दैनिक

MARGANUGAMI NATIONAL DAILY

कुनै पनि विचार, समाचार र विज्ञापन प्रकाशन गर्नु परेमा हामीलाई सम्झनुहोस्। हामी तपाईंलाई उचित स्थान दिनेछौं। साथै राष्ट्रिय तथा स्थानीय पत्रपत्रिकामा कुनै पनि विज्ञापन प्रकाशन गर्न चाहनु हुन्छ भने सम्पर्क गर्नुहोला।

**मार्गानुगामी राष्ट्रिय दैनिकको कार्यालय**
गोलबजार नगरपालिका–६, सिरहा
फोन नं.: ०३३–५४०३५६
मो. नं. ९८५२८३२६३४, ९८०१५००३५६
इमेल : mgnd2070@gmail.com

बर्षः १२, अंकः २४० पृष्ठः ४ | २०८२ माघ ०१ बुधबार (Thursday 15 Jan. 2026) | मूल्य रु. ५।– | इमेल : mgnd2070@gmail.com

## कञ्चनपुर–कमला सडकको तेस्रोपटक म्याद थप, ६९ प्रतिशत भौतिक प्रगति



**मणिलाल विश्वकर्मा**

लहान, ३० पुस। चाइना रेलवे नं. २ इञ्जिनियरिङ ग्रुपले ठेक्का लिएको सप्तरीको कञ्चनपुरदेखि सिरहा–धनुषा जोड्ने कमला नदीसम्मको ८६.८२ किलोमिटर कञ्चनपुर कमला सडकको पूर्वी र पश्चिम खण्डको तेस्रोपटक म्याद थप हुँदा करिब ६९ प्रतिशत प्रगति भएको छ। ग्रुपले सन् २०२० जुनमा गरेको ठेक्का सम्झौताअनुसार कञ्चनपुरदेखि कुसहासम्म ३९.४२ किलेमिटर पूर्वी खण्ड र कुसहादेखि कमला नदीसम्म ४७.४ किलोमिटर पश्चिम खण्ड गरी ८६.८२ किलोमिटर सडक चार र ६ लेनसहित, पुल, कलभर्ट, ओभरपास र अण्डरपास, आकाशे पुल निर्माण २८ अक्टोबर २०२३ मा सम्पन्न गर्नुपर्ने थियो। लहानस्थित पूर्वी खण्डको कार्यालयका सूचना अधिकारी इञ्जिनियर राजिव झाका अनुसार सप्तरीको कञ्चनपुर, महुली, सीतापुर, वीरेन्द्रबजार, रुपनी, कल्याणपुर र कठौना गरी ६.०८ किलोमिटर सडक ६ लेनको बनाइनुपर्नेमा ठाउँठाउँमा अवरोध भइरहेको छ।

'आगामी जुनसम्म निर्माण सम्पन्न गर्ने गरी तेस्रोपटक ६ महिना म्याद थप भएको छ,' उनले भने 'तर, प्राविधिक रुपले अनावश्यक ठाउँमा पनि नालालगायतका संरचना बनाउन स्थानीयले दबाब दिन थालेपछि काम नियमित हुन सकेको छैन।' उनका अनुसार कठौनामा स्थानीय बासिन्दाले कम्पनीका प्रतिनिधि तथा कामदारहरुलाई जबर्जस्ती थप संरचना निर्माण गर्न दबाब दिंदै दुर्व्यवहारसहित डण्डी बाँध्नसमेत अवरोध गरेका छन्।

'स्थानीयको अवरोध र दबाब कायमै रहयो भने तेस्रो पटक म्याद

–बाँकी तीन पेजमा

## लागुऔषधसहित दुई पक्राउ

**रघुवीर यादव**

लहान, ३० पुस। पूर्व–पश्चिम लोकमार्गअन्तर्गत सिराहाको धनगढीमाई नगरपालिका– १०, जिरोमाइलबाट प्रहरीले मोटरसाइकलको ट्यांकीको कभरमा लुकाएको प्रतिबन्धित लागुऔषध खैरो हिरोइनजस्तो देखिने पदार्थसहित दुईजनालाई पक्राउ गरेको छ।

इलाका प्रहरी कार्यालय धनगढी र लागुऔषध नियन्त्रण ब्युरो सिराहाबाट खटिएको संयुक्त प्रहरी टोलीले दक्षिणी सीमावर्ती बजार बरियारपट्टिबाट मोटरसाइकल चढेर आउँदै गरेका दुई युवकलाई मंगलबार राति करिब सवा ९ बजेतिर खैरो हिरोइनजस्तो देखिने पदार्थसहित पक्राउ गरिएको जिल्ला प्रहरी कार्यालय सिराहाले जनाएको छ।

पक्राउ पर्नेमा मोटरसाइकलचालक गोलबजार नगरपालिका– ३ का करिब २५ वर्षीय अभिषेक साह र सिन्धुली जिल्ला दुधौली नगरपालिका– ९, टारी घर भएका करिब ३२ वर्षीय एलेक्स आले रहेको सिराहा प्रहरीका सूचना अधिकारी प्रहरी नायब उपरीक्षक रमेशबहादुर पालले जानकारी दिए।

उनका अनुसार प्रदेश १–०२–०४ प ३५३७ नम्बरको मोटरसाइकल चढेर आएका दुवैजनालाई रोकेर चेकजाँच गर्दा मोटरसाइकलको ट्यांकीको कभरमा लुकाएको प्लास्टिकसहित ४०.५५ ग्राम खैरो हिरोइनजस्तो पदार्थ बरामद भएको हो। पक्राउ गरिएका दुवैजनालाई इलाका प्रहरी कार्यालय लहानमा राखेर थप अनुसन्धान भइरहेको प्रहरीले जनाएको छ।




## मतदान गर्ने अधिकारको प्रयोग गरौं।

- लोकतान्त्रिक शासन व्यवस्थामा मतदानको प्रक्रियामार्फत शासनमा सहभागी होऔं।
- मतदानको समयमा विवेकको प्रयोग गरौं।
- मतदान गरेर नागरिकको अधिकार र कर्तव्य निर्वाह गरौं।
- जनतामा निहित सार्वभौमसत्ताको प्रयोग गरौं।
- निर्वाचनको माध्यमवाट शासन व्यवस्थालाई वैधता प्रदान गरौं।
- असल, विवेकशील, गतिशील र दुरदर्शी नेतृत्व चयन गरौं।
- सुशासन कायम गरौं र सुशासनका लागि निरन्तर खबरदारी गरौं।

नेपाल सरकार
**विज्ञापन बोर्ड**


## नेपाल मुक्तक प्रतिष्ठान, कोशी प्रदेश शाखाबाट विभिन्न पुरस्कारको घोषणा



विराटनगर, ३० पुस। नेपाल मुक्तक प्रतिष्ठान, कोशी प्रदेश शाखाले मुक्तक दिवसको अवसर पारेर २०८२ सालमा प्रदान गरिने विभिन्न पुरस्कार घोषणा गरेका छन्। प्रतिष्ठानका अध्यक्ष कवि एवम् समालोचक बाबुराम पोखरेलले आगामी माघ १७ गते विराटनगरमा आयोजना हुने विशेष समारोहका बीच ती पुरस्कारहरू वितरण गरिने जानकारी दिए।

प्रतिष्ठानले यस वर्ष नेपाल सरकारका सेवा निवृत्त सहसचिव एवम् साहित्यकार सीताराम पोखरेलबाट स्थापित नरनाथ–नन्दकुमारी पोखरेल स्मृति पुरस्कार १५ हजार रुपैयाँद्वारा नेपाली साहित्य, समालोचना, अनुवाद र प्राज्ञिक क्षेत्रका अत्यन्त प्रभावशाली र बहुआयामिक व्यक्तित्व प्रा.डा. गोविन्दराज भट्टराईलाई सम्मान गरिने जनाएको छ। नन्दलाल दाहाल स्मृति साहित्य पुरस्कार १५ हजार रुपैयाँबाट नेपाली कविता, समालोचना, वालसाहित्य र अनुसन्धानको क्षेत्रमा निरन्तर क्रियाशील रहेर नेपाली साहित्यको श्रीवृद्धि र प्रवर्द्धनमा योगदान पुर्याउनु भएकी साहित्यकार डा. कौशिला रिसाललाई सम्मान गर्ने निर्णय भएको आयोजकले जनाएको छ।

–बाँकी तीन पेजमा





GUPTA BROTHER'S AUTO TRADE Mirchaiya, 033-550744 | 9801552812


## मधेश प्रदेशका मुख्य न्यायाधिवक्ता सिंहद्वारा शपथ ग्रहण

धनुषा, ३० पुस। मधेस प्रदेशका नवनियुक्त मुख्य न्यायाधिवक्ता डा सुनिलरञ्जन सिंहले आज पद तथा गोपनीयताको शपथ ग्रहण गर्नुभएको छ। उच्च अदालत जनकपुरका मुख्य न्यायाधीश टेकनारायण कुँवरले प्रदेश प्रमुखको कार्यालयमा आज आयोजित विशेष समारोहमा डा सिंहलाई शपथ गराउनुभएको हो।

मधेश प्रदेशका प्रदेश प्रमुख डा सुरेन्द्रलाभ कर्णको उपस्थितिमा समारोहमा प्रदेश सरकारका उच्च पदस्थ अधिकारी, वरिष्ठ कानुन व्यवसायी तथा कानुनी क्षेत्रका प्रतिनिधिको उल्लेख्य सहभागिता रहेको थियो। शपथपश्चात् डा सिंहले संविधान र प्रचलित कानुनको पूर्णपालना गर्दै प्रदेश

–बाँकी तीन पेजमा

# सम्पादकीय

## देउवाको राजनीतिक अवसान

नेपाली कांग्रेस अहिलेको स्थितिमा पुग्नुको दोष सभापति शेरबहादुर देउवाकै हो। परिवारको मूलीका रूपमा मात्र होइन एकपटक पार्टी फुटाइसकेको व्यक्तिका रूपमा पनि उनले समयको पदचाप सुन्नुपर्थ्यो। देउवाको राजनीतिक जीवन यसरी सेक्सपेरियन त्रासदीमा जस्तो नायककै चरित्रका कारण अवसानमा पुग्यो। कुनै चमत्कार नभए उनको राजनीतिक जीवनको अन्तिम अध्याय हो यो। केन्द्रीय समितिले विशेष महाधिवेशनको निर्णय स्वीकार गरे सायद अझै सुलहको बाटो निस्कन सक्छ।

चुनावका मुखमा एकातिर पार्टी पुनर्गठन भएकोमा कार्यकर्ता उत्साहित देखिन्छन् भने अर्कातिर विभाजित र केही हतास मनःस्थितिमा पुगेका पनि छन्। राजनीतिक दलहरूको सञ्चालनमा दलको विधान निर्णायक हुनु स्वाभाविक हुन्छ। तर, नेपालमा कतिपय कानुनहरू प्राकृतिक न्यायको सिद्धान्त अनुरूपका छैनन्। यसैले राजनीतिक विषयको पनि अन्तिम छिनोफानो अदालतले गर्नुपर्ने विडम्बना छ।यद्यपि, नैतिक वैधता र प्राकृतिक न्यायको सिद्धान्तअनुसार भने बहुमत नै अन्तिम निर्णायक हुन्छ लोकतन्त्रमा।

लगभग २ दशकका बीचमा पार्टीलाई दुईपटक विभाजनको मुखमा पुऱ्याउने खलपात्रका रूपमा इतिहासले देउवालाई चित्रण गर्नेछ। उतिबेला पार्टीले सङ्कटकालको अवधि बढाउन नदिएको निहुँमा तत्कालीन राजाको उक्साहटमा लागेर देउवाले पार्टी विभाजन गरी मूलप्रवाहबाट बाहिरिएका थिए। नेपाली कांग्रेसलाई कमजोर बनाएर लोकतन्त्र नै समाप्त पार्ने षड्यन्त्रमा देउवा गोटी बने। त्यसका लागि उनलाई पार्टीका नेता कार्यकर्ता र नेपाली जनताले माफ दिए पनि इतिहासले बिर्सने छैन।

अहिले पनि समयको पदचाप बुझेर पार्टीलाई अगाडि बढाउने महाधिवेशन प्रतिनिधिहरूको विधानसम्मत मागलाई कुल्चन खोज्दा पार्टीबाट आफैँ बाहिरिने अवस्थामा पुगेका छन्। सानेपाको भवनको साँचो देउवाका साथीहरूसँग हुनसक्छ तर नेपाली कांग्रेसको संगठन र मूल्य अर्थात्, शरीर र आत्मा दुवै मूलधारका युवा प्रतिनिधिहरूसँग छ। आफ्नै इतिहाससँग पनि देउवाले न्याय गरेनन्। उनले बहुमतले चाहेअनुसार नेतृत्व हस्तान्तरण गरेर सम्मानजनक अवकाश रोजे सायद इतिहास नबिर्से पनि नेपाली जनताले उनका अरू अवगुणहरू बिर्सन सक्थे।

देउवाको राजनीतिक उत्थान ग्रिक त्रासदीका नायकको जस्तो भएको थियो। उनलाई उनको स्वभाव र गुणले भन्दा बढी नियतिले नेपाली राजनीतिमा त्यति माथि उठाएको हो। विडम्बना, पतन भने सेक्सपियरेली दुःखान्तको जस्तो हुन पुग्यो। देउवा आफ्नै चरित्रमा रहेको खोटका कारण जानीजानी दुःखान्ततिर अगाडि बढे। जेन–जी आन्दोलनपछि सभापति नै कार्यवाहक दिइसकेका देउवाले पुनः कार्यकारी भूमिकाको लोभ नगरेका भए अहिलेको अवस्था आउने थिएन। उनको राजनीतिक बहिर्गमन सम्मानजनक हुन्थ्यो। एउटा हिन्दी कथन छ – 'अब पछताए होत क्या जब चिडिया चुग गई खेत'। देउवा र उनका सहयोगीहरूको अवस्थामा अहिले त्यही कथन चरितार्थ हुने लक्षण देखियो। हिजै आजको जति लचिलो भइदिएको भए सम्भवतः  राजनीतिक जीवनको नाटक दुःखान्त हुनेथिएन। अझै पनि मोह र अहङ्कार त्याग्ने हो भने देउवाले कम्तीमा शान्ति पाउन सक्थे। इतिहास निर्मम हुन्छ। दुर्भाग्य, नेपाली कांग्रेसभित्र बेथिति मच्चाएर लोकतन्त्र नै कमजोर बनाएको दोष बोकेरै देउवाले अवकाश लिने भए।

# कांग्रेस बदलिन्छ कि समयले उसलाई विस्थापित गर्छ ?



**डिल्लीराम ढकाल**

राजनीतिक दलका लागि सबैभन्दा खतरनाक क्षण पार्टीभित्रको असन्तोष सतहमा वा सडकमा देखिँदामात्रै होइन त्यसभन्दा बढी खतरा नेतृत्वले गहिरिँदै गएको संकटलाई समस्याका रूपमा नहेरी असुविधामात्र ठान्दा हुन्छ।

नेपाली कांग्रेस आज त्यही क्षणमा उभिएको छ। विशेष महाधिवेशनलाई लिएर देखिएको हलचल कुनै आकस्मिक विद्रोह होइन न केही नेताको व्यक्तिगत महत्त्वाकांक्षाबाट जन्मिएको घटनामात्र हो।त्यो वर्षौंदेखि थिचिँदै आएको असन्तोष, अवरुद्ध पुस्तान्तरण र बदलिँदो सामाजिक चेतनाको स्वाभाविक विस्फोट पनि हो। यसैलाई सभापति शेरबहादुर देउवा पक्षले 'विभाजनको खतरा' भनेर डर देखाउने प्रयास गरिरहे पनि वास्तविक खतरा विभाजन होइन कांग्रेसको क्रमिक राजनीतिक अप्रासंगिकता हो भन्ने बुझ्नु जरूरी छ।

नेपाली कांग्रेस अहिले वैचारिक संकटमा मात्र होइन वैधानिक र नैतिक संकटमा पनि फसेको छ। पार्टीको विधानअनुसार प्रत्येक पाँच वर्षमा महाधिवेशन अनिवार्य छ। तर १४औँ महाधिवेशनपछि नेतृत्व नवीकरण र नीतिगत रूपान्तरणप्रति देखिएको उदासीनताले पार्टीभित्र असन्तोष गहिरिँदै गयो। यही पृष्ठभूमिमा ५४ प्रतिशतभन्दा बढी महाधिवेशन प्रतिनिधिले विधानसम्मतरूपमा विशेष महाधिवेशनको माग गरे। तर त्यस मागलाई लामो समय बेवास्ता गर्नु सामान्य प्रक्रियागत ढिलाइ थिएन त्यो आन्तरिक लोकतन्त्रप्रतिको ठाडो अस्वीकार थियो। कांग्रेसले देशलाई लोकतन्त्र सिकाएको दाबी गर्छ तर आज त्यही पार्टीभित्र बहुमतको आवाज 'समय नमिलेको' बहानामा थाती राख्न खोजिएको छ। यही विरोधाभासले कार्यकर्ता र मतदाताको मनमा गहिरो प्रश्न जन्माएको छ। पार्टीभित्रकै बहुमत सुन्न नसक्ने नेतृत्वले देशको बहुमत सुन्न सक्छ त ? प्रश्न महत्त्वपूर्ण छ।

विशेष महाधिवेशन सुरू हुँदा करिब ६२ प्रतिशत प्रतिनिधि सहभागी भए। तर यो उपस्थिति आफैँमा एउटा मौन राजनीतिक वक्तव्य थियो। उद्घाटन समारोहदेखि दोस्रो दिनको बन्द सत्रसम्म संस्थापन पक्षका प्रमुख नेता शेरबहादुर देउव मात्र होइन शेखर कोइरालासमेत अनुपस्थित रहे। यसले नेतृत्वको दूरीमात्र होइन समस्या स्वीकार गर्न नचाहने मानसिकता उजागर गऱ्यो। व्यापक कार्यकर्ताको दबाबपछि मात्रै विशेष महाधिवेशन सुरू भएको तेस्रो दिन कार्यवाहक सभापति पूर्णबहादुर खड्काको निवासमा संस्थापन र विशेष महाधिवेशन पक्षधरबीच संवाद सुरू हुनु नै संकट कति गहिरो छ भन्ने स्पष्ट संकेत हो। संवाद हुनु सकारात्मक हो तर तीन दिनपछि सुरू भएको संवादले नेतृत्वको तत्परता होइन अहङ्कारी बाध्यताको उपज भन्नेहरूलाई बल पुगेको छ।

शेरबहादुर देउवा नेपाली राजनीतिका अनुभवी पात्र हुन्। तर राजनीति अनुभवको गणित होइन। समयसँगै सोच बदल्ने साहसको पनि परीक्षा हो। देउवाको नेतृत्वमा कांग्रेसले सत्ता पायो,गठबन्धनको केन्द्रीय भूमिका खेल्यो तर संगठनात्मकरूपमा पार्टी कमजोर हुँदै गयो। सरकार बने,मन्त्री फेरिए तर कार्यकर्तामा उत्साह फर्किएन। निर्वाचन जित्न सक्ने रणनीति बन्यो तर विचार र दृष्टिकोणले पार्टीलाई बाँध्न सकेन। स्थिरता र जडता फरक कुरा हुन्। स्थिरता परिवर्तनसँग सहअस्तित्व गर्न सक्छ भने जडताले परिवर्तनलाई शत्रु ठान्छ। आज कांग्रेसभित्र देखिएको मूल समस्या यही हो।अनुभवको नाममा जडता संस्थागत हुँदैगएको छ।

विशेष महाधिवेशनलाई केहीले 'गगन–विश्वप्रकाशको महत्त्वाकांक्षा' भनेर सिमित गर्न खोजिरहेका छन्। यो नयाँ रणनीति होइन। जब जब संरचनागत प्रश्न उठ्छ त्यसलाई व्यक्तिको स्वार्थमा झारेर कमजोर पार्ने प्रयास हुन्छ। तर यो कुनै व्यक्तिको विद्रोह होइन। यो पुस्ताको प्रश्न हो। आजको पुस्ताले सत्ता होइन अर्थ खोजिरहेको छ। उनीहरू सोधिरहेका छन् – किन एउटै व्यक्ति पटकपटक प्रधानमन्त्री बन्ने व्यवस्था स्वाभाविक ठानिन्छ ? किन पार्टीभित्र निर्वाचनभन्दा मनोनयन बलियो हुन्छ ? किन भ्रष्टाचारविरुद्ध सबैभन्दा चर्को भाषण गर्नेहरू सत्ता नजिकिएपछि मौन हुन्छन् ? यी प्रश्नहरू असहज छन् तर लोकतन्त्र असहज प्रश्नबिना जीवित रहँदैन। अहिले भृकुटीमण्डपले त्यही प्रश्न गरी रहेको छ।

गगन थापालाई 'लोकप्रियतावादी नेता' भनेर खारेज गर्ने प्रयासहरू पनि यही असहजताबाट जन्मिएका हुन्। उनको राजनीतिक यात्राले देखाउँछ उनी 'पपुलिस्ट'भन्दा बढी 'प्राग्म्याटिक' चुनौतीकर्ता हुन्। उनले उठाएका विषय भावनामा होइन संरचनामा केन्द्रित छन्। नेतृत्वको कार्यकालमा सीमा,पार्टीभित्र प्राथमिक निर्वाचन,नियुक्तिमा भागबन्डाको अन्त्य,राज्य र पार्टीबीचको अस्वस्थ सम्बन्ध तोड्ने प्रस्ताव। यी सबै कुरा लोकप्रिय भाषणका नारा होइनन् प्रणाली बदल्ने प्रस्ताव हुन्। यस्ता प्रस्तावहरू स्वीकार गरिए भने धेरैको शक्ति सन्तुलन बिग्रिन्छ। त्यसैले विरोध स्वाभाविक छ। तर इतिहासले देखाएको छ सुधार सधैँ असहज हुन्छ र असहज सुधार नै दीर्घकालीन समाधान बन्छ।

आजको नेपालमा राजनीति गर्ने तरिका मौलिकरूपमा बदलिएको छ। सूचना प्रवाह तीव्र छ,नागरिक सचेत छन्, प्रश्न गर्न डराउँदैनन्। पुरानै शैली गुटबन्दी,भागबन्डा,मौन सहमतिजस्ता व्यवहार अब दीर्घकालीनरूपमा टिक्न सक्दैनन्। कांग्रेसजस्तो ठूलो पार्टीले यो यथार्थ स्वीकार गरेन भने इतिहास उसप्रति क्षमाशील हुनेछैन। ठूलो पार्टी हुनु नै पर्याप्त छैन। समयअनुकूल हुन सक्नु ठूलो हो। बदलिँदो समाजसँग संवाद गर्न नसक्ने पार्टी अन्ततः आफ्नै आकारको बोझ बन्न पुग्छ। जनतामा गहिरो असन्तोष छ। विकल्पको खोजी छ ता पनि नेपालको राजनीतिक मैदान रित्तो भने छैन। नयाँ दलहरू आएका छन् तर पूर्ण छैनन्। कतिपय अपरिपक्व छन् र उनीहरूको उदय नै स्थापित दलहरूको असफलताको परिणाममात्र हो। कांग्रेसले आफ्नै भित्रबाट विश्वसनीय सुधार दिन सकेन भने मतदाताले बाहिर हेर्नेछन्। त्यो विकल्प कति सक्षम छ भन्ने प्रश्न दोस्रो हो। पहिलो प्रश्न कांग्रेसले अवसर गुमायो कि गुमाएन भन्ने हो। इतिहासमा धेरै ठूला पार्टीहरू विभाजन भएर होइन यथास्थितिमा अड्किएर समाप्त भएका छन्।

विशेष महाधिवेशनलाई लिएर 'पार्टी फुट्छ' भन्ने डर देखाइँदैछ। तर आज कांग्रेसका लागि सबैभन्दा ठूलो खतरा विभाजन होइन विश्वसनीयताको क्षय हो। पार्टी फुट्नै नपरी कमजोर हुन सक्छ।सामाजिक समर्थन गुमाएर,युवाबाट टाढा भएर, परिवर्तनको भाषा नबुझेर। विशेष महाधिवेशन रोक्नु समाधान होइन। यो समस्यालाई केही समयका लागि थाती राख्नुमात्र हो। नेतृत्वले स्थान नछोडे समयले तान्छ र त्यो सधैँ सम्मानजनक हुँदैन। अहिले त्यही दिशातर्फ कांग्रेस उन्मुख देखिन्छ। आज विशेष महाधिवेशन कांग्रेसका लागि संकट होइन अन्तिम अवसर हो। यो पार्टीलाई पुनर्निर्माण गर्ने,पुस्तान्तरणलाई व्यवस्थित गर्ने र जनविश्वास फर्काउने मौका हो। यो अवसर गुम्यो भने कांग्रेस अर्को चुनावी दलमा सीमित हुनेछ। त्यस्तो दल जसले इतिहास बोकेको छ तर भविष्य भने अन्योलग्रस्त छ। अब निर्णय नेतृत्वको हातमा छ— परिवर्तनको नेतृत्व गर्ने कि परिवर्तनको सिकार बन्ने। इतिहासले दुवैको हिसाब राख्छ। नेपाली कांग्रेसले कुन पृष्ठमा आफ्नो नाम लेख्छ। त्यो सायद आज तय हुँदैछ। सभापति देउवा र उनका सहयोगीले ज्यादा संवेदनशील हुन पर्ने समय हो यो। बाह्रखरीबाट

# सच्चिने बाटो छाडेर सक्किने बाटो रोजेका देउवा

**राजकुमार सिग्देल**

काठमाडौँ, ३० पुस। भदौ २३ र २४ गतेको जेनजी विद्रोहपछि नेपाली कांग्रेस र नेकपा एमाले दुवै दलमा नेतृत्व परिवर्तनको एजेन्डा भुसको आगोसरी फैलिएको थियो। एमालेमा अध्यक्ष केपी शर्मा ओलीले महाधिवेशनको नाममा त्यो आवाज दबाउने प्रयास गरे। कार्यकर्तालाई दबाएपनि जनताले ओलीको त्यो शैलीको मूल्यांकन निर्वाचनमार्फत कसरी गर्छन् त्यो हेर्न बाँकी नै छ।

कांग्रेसमा भने नेतृत्व परिवर्तनको सवाल थप पेचिलो बन्यो। सभापति शेरबहादुर देउवालाई राजनीतिबाट 'बाइबाइ' गर्न महामन्त्रीद्वय गगन थापा र विश्वप्रकाश शर्माको आह्वानमा विशेष महाधिवेशन नै बोलाइयो। आइतबारदेखि काठमाडौँमा सुरु भएको विशेष महाधिवेशनमा देखिएको बहुमत महाधिवेशन प्रतिनिधिको चाहना स्पष्ट थियो— देउवाले पद छाडून् र नेतृत्वमा परिवर्तन होस्।

तर, प्रतिनिधिहरूको यही चाहना र नेता–कार्यकर्ताको विश्वास विपरीत देउवाले पद छाड्ने घोषणा गर्न अस्वीकार गरे, बरु कारबाहीको डण्डा चलाएर कांग्रेसलाई विभाजन र अन्यौलताको भुमरीमा फसाएका छन्। नेतृत्व परिवर्तन र रूपान्तरण नै विशेष महाधिवेशन पक्षधरहरूको मूल माग थियो भन्ने बुझ्न गाह्रो छैन। देउवाको नेतृत्वमा कांग्रेस अगाडि बढ्न नसक्ने निष्कर्षमा पुगेकै कारण देशभरबाट कार्यकर्ता काठमाडौँ ओइरिएका थिए। उसो त जेनजी आन्दोलनयता नै देउवाको नेतृत्वमा चुनावमा जान नसकिने आवाज कांग्रेस वृत्तमा बलियो हुँदै आएको थियो। त्यही आवाजलाई बोकेर गगन–विश्वप्रकाश अघि बढेका थिए। देउवा पद छोड्न तयार नभएपछि र उल्टै कारबाही डन्डा बर्साएपछि कांग्रेस फुटतिर उन्मुख त छँदैछ, चुनावको मुखमा उत्पन्न यो संकटले पार्टीलाई गहिरो अन्यौलमा धकेलेको छ। पुसमा तोकिएको नियमित महाधिवेशन नहुने भएपछि नै विशेष महाधिवेशन पक्षधरहरू अघि बढेका थिए। देउवा समूहको सहभागिता बिनै विशेष महाधिवेशन सुरु भई नेतृत्व चयनको प्रक्रिया समेत अघि बढिसकेपछि पार्टीलाई फुटबाट जोगाउन वार्ताहरू पनि भए। तर ती प्रयास असफल भए।

वार्ता असफल भएको भन्दै बुधबार बसेको केन्द्रीय समिति बैठकले महामन्त्रीद्वय गगन थापा र विश्वप्रकाश शर्मा तथा सहमहामन्त्री फर्मुल्लाह मन्सुरलाई पाँच वर्षका लागि निष्कासन गर्ने निर्णय गऱ्यो। यो निर्णयले विशेष महाधिवेशन पक्षधरहरूमा आक्रोश त पैदा गरेको छ नै, समग्र राजनीतिमा पनि ठूलो तरंग ल्याएको छ। बहुमत महाधिवेशन प्रतिनिधिको मागअनुसार अघि नबढी कारबाहीको बाटो रोज्नु भनेको देउवाका लागि 'सक्किने बाटो' रोज्नु सरह हो। यसले देउवा गुटका केही तत्त्वहरुलाई फाइदा त पुग्न सक्ला तर सच्चिने बाटो छाडेर अघि बढ्नु पूरै कांग्रेस र देशकै लागि पनि हितकर हुँदैन। उठिसकेका प्रश्नको समाधान खोज्नुपर्नेमा समस्या झन् बल्झाउने दिशामा अघि बढ्नु दुर्भाग्यपूर्ण हो।

यो घटनाक्रम देउवाका लागि नयाँ पनि होइन। ८० वर्ष लामो इतिहास बोकेको कांग्रेस तीन पटक विभाजन हुँदा दुई पटकको विभाजनमा स्वयं देउवा नै प्रमुख कारक बनेका छन्। २०५९ साल जेठ १२ गते उनले पार्टी विभाजन गरी नेपाली कांग्रेस ( प्रजातान्त्रिक) गठन गरेका थिए। त्यतिबेला प्रधानमन्त्री रहेका देउवाले पार्टीको निर्णय विपरीत संसद् विघटन गरेपछि तत्कालीन सभापति गिरिजाप्रसाद कोइरालाले उनलाई साधारण सदस्यसमेत नरहने गरी निष्कासन गरेका थिए। त्यही विवादबाट विभाजन भएको पार्टी पछि संविधानसभा निर्वाचनको मुखमा पुनः एकता भएको थियो। अहिले फेरि देउवाले नै नेतृत्व हस्तान्तरण गर्न नचाहँदा उस्तै खालको फुटको स्थिति दोहोरिन पुगेको छ।

–बाँकी तीन पेजमा

## सच्चिने बाटो ...

कारबाहीको आधारका रूपमा समानान्तर गतिविधि सञ्चालन गरेको, अनुमति बिना विशेष महाधिवेशन घोषणा गरेको, समानान्तर निर्वाचन र उम्मेदवारी दर्ता गराएको तथा पार्टीको हित र आदर्शविरुद्ध कार्य गरेको आरोप लगाइएको छ। यी चार आरोपका आधारमा पार्टी विधानको धारा ३४ (१) का विभिन्न खण्ड उल्लंघन गरेको ठहर गर्दै धारा ३४ (८) बमोजिम कारबाही गरिएको प्रचार विभाग प्रमुख मीन विश्वकर्माले बुधबारको देउवा पक्षको बैठकपछि सञ्चारकर्मीलाई जानकारी गराएका थिए। तर, लगत्तै विशेष महाधिवेशन पक्षधरले पदाधिकारीमाथि गरिएको कारबाही खारेज गरेको घोषणा गरिसकेको छ। कारबाहीपछि बन्दसत्रलाई सम्बोधन गर्दै गगन थापाले कांग्रेस पार्टी कसैको निजी कार्यालय नभएको स्पष्ट पारे। उनले विशेष महाधिवेशन सुरु भएसँगै देउवा नेतृत्वको कार्यसमिति भङ्ग भइसकेको र त्यसको जानकारी निर्वाचन आयोगलाई गराइसकेको दाबी गरे।

विश्वप्रकाश शर्माले पार्टी नेतृत्वले जे–जस्तो निर्णय गरे पनि अब कांग्रेसलाई अघि बढाउने जिम्मेवारी विशेष महाधिवेशनको हलले लिने बताए। उनले विशेष महाधिवेशनबाट बन्ने कार्यसमितिलाई निर्वाचन आयोगमा दर्ता गराउने स्पष्ट पारे। फर्मुल्लाह मन्सुरले पनि विशेष महाधिवेशनको निर्णयलाई कसैले रोक्न नसक्ने जिकिर गरे। एकातिर देउवा पक्षको कारबाही, अर्कोतिर विशेष महाधिवेशनबाट नयाँ केन्द्रीय कार्यसमिति चयन हुने अवस्था आएपछि कांग्रेसको वैधानिकता कसले पाउँछ भन्ने बहस अब झनै लम्बिने देखिन्छ। यसले कांग्रेसलाई मात्र होइन, चुनावको मुखमा लोकतान्त्रिक राजनीतिलाई नै गम्भीर मोडमा पुर्‍याएको छ।रातोपाटीबाट

## कञ्चनपुर–कमला..

थप हुँदा पनि सम्पन्न गर्न गाह्रो छ,' उनले भने, 'उक्त खण्डमा विद्युतको पोल सार्न, नाला निर्माण लगायतका काममा स्थानीयले सहयोग गरेका छैनन्।' उनका अनुसार करिब ३३ किलोमिटर चार लेन सडकमध्ये २४ किलोमिटर खण्ड, २९ वटा ठूला साना पुलको सुपर स्ट्रक्चरसम्मको निर्माण सम्पन्न भएको छ। 'पूर्वी खण्डमा ११३ वटा कल्भर्ट निर्माणसहित २० वटा पुलमा सवारी साधन गुड्न थालेका छन्,' उनले भने 'गत डिसेम्बरसम्म पूर्वी खण्डको भौतिक प्रगति करिब ६७ प्रतिशत हो।'

**पश्चिम खण्डको अवस्था उस्तै**

मिर्चैयास्थित पश्चिम खण्ड कार्यालयले सार्वजनिक गरेको त्रैमासिक प्रतिवेदन अनुसार गत असोज मसान्तसम्म चार लेनको कालोपत्रेसहित ३०.८५ किलोमिटर सडक निर्माण सम्पन्न गरी बाँकी खण्डमा काम भइरहेको छ। मिर्चैया, लहानमा ६ लेन सडकसहित ओभरपास र अण्डरपासका लागि आवश्यक पूर्वाधारको काम जारी रहेको भए पनि गोलबजारमा डिजाइन स्वीकृती ढिलो हुँदा माटो परीक्षणबाहेक अन्य काम हुन नसकेको सूचना अधिकारी अनुपम साहले बताए।

उनका अनुसार लहान बसपार्क, प्रादेशिक अस्पताल अगाडि आकासे पुलका लागि फाउण्डेसनको काम सम्पन्न गरिएको छ। लहान र मिर्चैयामा ओभरपासका लागि गरी ५० वटा पाइल फाउण्डेसन गरिएको, तर लहानमा माटो केही कमजोर देखिएकाले २० वटा ग्राभेल फाउण्डेसनको काम गरिएको उनले बताए। त्यसबाहेक पश्चिम खण्डमा ११२ कल्भर्ट निर्माण भइसकेको जानकारी दिँदै उनले साना ठूला गरी २५ पुल निर्माण सम्पन्न गरी १२ वटामा सवारी साधन चलाउन खुला गरिएको बताए। सडकमा रेलिङ, एक्सपान्सन ज्वाइन्ट, पुलको रेलिङ तथा रंगरोगन बाँकी रहेकाले थप भएको म्यादभित्र सम्पन्न गर्ने गरी काम भइरहेको योजना कार्यालयले जनाएको छ।

**तेस्रोपटक गरी ३२ महिना म्याद थप**

सन् २०२० जुनमा ठेक्का सम्झौतापछि २९ अक्टोबर २०२० मा निर्माण थालनी गरी २८ अक्टोबर २०२३ भित्र सम्पन्न गर्ने लक्ष्य रहेको भए पनि साइट क्लियरेन्स, कोरोना महामारीजस्ता कारणले करिब एक वर्षपछि ढिलो काम थालेको चाइना रेलवे नं. २ इञ्जिनियरिङ ग्रुपका लागि पहिलो पटक २३ डिसेम्बर २०२४ सम्म १४ महिना र दोस्रो पटक २०२५ डिसेम्बरसम्म १२ महिना म्याद थप भएको थियो।

ग्रुपले कुसहा कञ्चनपुर ३९.४२ किलोमिटर खण्ड सात अर्ब २७ करोड ७६ हजार ३४ रुपैयाँ ३४ पैसा र कुसहादेखि कमलासम्म ४७.४ किलोमिटर पश्चिम खण्ड भेरियसनपछि आठ अर्ब ८० करोड ७० लाख १८ हजार २७७ रुपैयाँ १० पैसामा ठेक्का सम्झौता गरेको थियो। उक्त सडक निर्माणका लागि एसियाली विकास बैंकको ७१.२२ प्रतिशत ऋण र नेपाल सरकारको २८.७८ प्रतिशत लगानी रहेको छ।

**मुख्य बजार क्षेत्रमा धुलो धुँवाको सास्ती**

पटकपटक म्याद थप हुँदा पनि निर्माण सम्पन्न नहुँदा मुख्य बजार क्षेत्रका बासिन्दाले धुलो, धुँवाको सास्ती खेप्दै आएका छन्। सप्तरीको कुसहादेखि सिरहाको कमला नदीसम्म पर्ने अधिकांश ठाउँमा पुल, कल्भर्ट, सडक निर्माण सकिएको भएपनि जिल्लाको मुख्य बजार क्षेत्र लहान खण्डको ओभरपास निर्माण सुस्त हुँदा दिनहुँ धुलो धुँवासँगै दुवैतर्फ साँघुरो डाइभर्सनमा सवारी साधन गुडाउँदा दुर्घटनाको जोखिम बढेको स्थानीयको गुनासो छ।

पछिल्लो असारमा सहिद स्मारक भत्काएपछि अस्तव्यस्त बनेको लहानको मुख्य चोकको दायाँबायाँबाट एकतर्फी सवारी साधन चलाउन डाइभर्सन बनाइएको भए पनि दुर्घटनाको जोखिमसँगै धुलो उड्ने र पानीमा हिलाम्मे भएको भन्दै स्थानीयले गत असारमा चक्काजामसमेत गरेका थिए। लहान खण्डमा निर्माण भइरहेको ओभरपास, अस्पताल चोक र बसपार्क नजिक आकासे पुलको फाउण्डेसन सकिए पनि अन्य निर्माण ढिलाई हुँदा मुख्य चोक क्षेत्र अस्तव्यस्त बनेको स्थानीय बस व्यवसायी डम्बर घिमिरेले गुनासो गरे।

## नेपाल मुक्तक...

त्यसैगरी, साहित्यकार तारानाथ पोखरेलले मातापिताको स्मृतिमा स्थापना गरेको छमनादेवी रामप्रसाद पोखरेल स्मृति पुरस्कार ११ हजार रुपैयाँबाट पाँच दशकभन्दा लामो समयदेखि लेखन, सम्पादन र कुशल संस्थागत नेतृत्वमार्फत नेपाली वाङ्मयको क्षेत्रमा विशिष्ट योगदान पुर्‍याएबापत वरिष्ठ साहित्यकार मधु पोखरेललाई र माधव–नर्मदा पोखरेल स्मृति साहित्य पुरस्कार ११ हजार रुपैयाँ नेपाली मुक्तक साहित्यका एक समर्पित र विशिष्ट साधक शिव अधिकारी (इलामे जेठो) लाई प्रदान गरिने भएको छ। नेपाल मुक्तक प्रतिष्ठान, कोशी प्रदेश शाखाका सचिव मदन भण्डारीका अनुसार उक्त प्रतिष्ठानबाट गठित पाँच सदस्यीय पुरस्कार छनोट समितिले पुरस्कार समर्पण गरिने व्यक्तिहरूको छनौट गरेको हो।

## मधेश प्रदेशका...

सरकारलाई गुणस्तरीय कानुनी परामर्श र प्रभावकारी बहस प्रदान गर्ने प्रतिबद्धता व्यक्त गर्नुभयो। उहाँले न्यायिक प्रणालीलाई थप सबल बनाउँदै सुशासन र विधिको शासनलाई कार्यसम्पादनको मूलआधार बनाइने बताउनुभयो।

प्रदेश प्रमुख कार्यालयका निमित्त सचिव सत्रुधन यादवका अनुसार शपथ ग्रहणसँगै डा सिंहले औपचारिक रूपमा मुख्य न्यायाधिवक्ताको कार्यभार सम्हाल्नुभएको छ।


## माईग्रेसन हराएको सूचना

यही मिति २०८२।९।१५ गतेका दिन लहानको सहिद चौक देखि हस्पिटल चौक जाने क्रममा निरज कुमार चौधरी नाम गरेको +२ को माइग्रेसन सर्टिफिकेट हराएको हुँदा पाउनु हुने महानुभावले नजिकको प्रहरी कार्यालय वा निवदेकलाई उपलब्ध गराई दिनु हुन हार्दिक अनुरोध गर्दछौं।

**नाम : निरज कुमार चौधरी**

ठेगाना : लहान–२२, सिरहा

**मोबाईल नं. : ९८१९९५०१७९/९८६३८७५३०३**


# पारस खड्काको ब्याटिङसँगै कर्जन्हा न.पा.मा 'क्रिकेट फर वास' अभियान शुभारम्भ



**विनय आजाद**

सिरहा, ३० पुस। सिरहाको कर्जन्हा नगरपालिकामा 'क्रिकेट फर वास' अभियानको थालनी भएको छ। बन्दीपुरस्थित फूलकुमारी महतो माध्यमिक विद्यालयमा एक कार्यक्रमबीच बुधबारदेखि यो अभियानको थालनी भएको हो। सबल नेपाल र डब्ल्यू एचएचले कर्जन्हा नगरपालिकासँग समन्वय गरी थालनी गरेको यो अभियानको नेपाल क्रिकेट संघका सचिव पारस खड्काले ब्याटिङ गर्दै उद्घाटन गरे। यस अभियानअन्तर्गत नगरका विभिन्न विद्यालयमा हरेक साताको शनिबार छात्राहरूलाई क्रिकेट खेलाइनेछ। क्रिकेटबाट समाजमा सरसफाइ र स्वच्छतासम्बन्धी संदेश प्रवाह गर्ने उद्देश रहेको सबल नेपालका कार्यकारी निर्देशक दीपक झाले जानकारी दिए।

यो अभियानमा अहिले सबल नेपाल र डब्ल्यू एचएचकै लगानी भए पनि यसलाई निरन्तर राख्न नगरपालिकाले पनि सहयोग गर्ने नगर प्रमुख भोलाप्रसाद पोखरेलले जानकारी दिए। उपप्रमुख लक्ष्मी कुमारी श्रेष्ठले यो अभियानले समाजमा अझै दबिएर रहेका महिलालाई अगाडि ल्याउन मद्दत गर्ने र समाजमा स्वच्छतासम्बन्धी सचेतना फैलाउने विश्वास व्यक्त गरिन्। अहिले कर्जन्हा नगरपालिकामा मात्रै सुरु गरेको भए पनि क्रमशः यो अभियानलाई विस्तार गर्दै लैजाने संस्थाले जनाएको छ।

# कुम्भिखाडी सहकारी संस्थाको १३औँ वार्षिक साधारण सभा सम्पन्न



**ज्ञान कुमार राय**

सिरहा, ३० पुस। कुम्भिखाडी साना किसान कृषि सहकारी संस्थाको १३ औं वर्षिक साधारण सभा सम्पन्न भएको छ। जिल्लाको गोलबजार नगरपालिका २ मा रहेको सहकारीको एक समारोहविच बुधबार वार्षिक साधारणसभा सम्पन्न भएको हो। सभामा सहकारीका शेयर सदस्यहरू, सञ्चालक समिति, लेखा समिति, कर्मचारीहरू तथा स्थानीय सरोकारवालाहरूको उल्लेखनीय सहभागिता रहेको थियो।

साधारणसभामा सफलताको शुभकामना दिंदै नेकपा एमालेका केन्द्रिय सदस्य तथा पूर्व मन्त्री लिलानाथ श्रेष्ठले उत्पादनमा वृद्धि नभएसम्म हाम्रो विकास सम्भव नभएको बताए। उनले गुरुधामक्षेत्रमा विगतमा प्रतिनिधि सभाको सांसद कोषबाट कृषिको लागि ६ इन्चीको बोर्डिङ ६ वटा जडान गरिएको भएपनि कतिपय सञ्चालनमा नआएको सुनेको बताउँदै त्यसलाई सञ्चालन गर्न सहयोग गर्ने बता ए। उनले साधारणसभा सफलताको शुभकामना दिँदै आउँदो दिनमा यस संस्थाले सबै ऋणीहरूलाई समयमा ब्याजतिर्न संस्थालाई नाफातर्फ लैजान आग्रह गरे।

समयमा प्रमुख अतिथी उपस्थित नभएपछि सभाको उद्र सहकारी संस्थाका अध्यक्ष सुकदेव सिंहले ब्यानर पढेर गरेका थिए। उनले साना किसानहरूको आर्थिक अवस्था सुदृढ गर्न सहकारीले खेलेको भूमिका उल्लेख गर्दै आगामी दिनमा अझ प्रभावकारी कार्यक्रमहरू सञ्चालन ल्याउने प्रतिबद्धता व्यक्त गरे।

सभामा प्रगति प्रतिवेदन, आय–व्यय विवरण, लेखा परीक्षण प्रतिवेदन तथा आगामी आर्थिक वर्षका कार्ययोजना र बजेट प्रस्तुत गरिएको थियो। गत आर्थिक वर्षको तुल्नामा यस वर्ष संस्था घाटामा रहेको अध्यक्ष सिंहले बताए। प्रस्तुत प्रतिवेदनमाथि सहभागी शेयर सदस्यहरूले सक्रिय छलफल गर्दै विभिन्न सुझावहरू समेत दिएका थिए। छलफलका क्रममा सहकारीमार्फत किसानहरूलाई सहज ऋण सुविधा, कृषि सामग्रीमा सहुलियत तथा उत्पादनमूलक कार्यक्रममा प्राथमिकता दिनुपर्नेमा जोड दिएका थिए।

कार्यक्रमका वक्ताहरूले सहकारी संस्थाले स्थानीय स्तरमा कृषि उत्पादन वृद्धि, रोजगारी सिर्जना तथा ग्रामीण अर्थतन्त्र सुदृढ गर्न महत्वपूर्ण योगदान पुर्‍याउँदै आएको बताए। विशेषगरी साना तथा सीमान्त किसानहरूलाई संगठित गर्दै आत्मनिर्भर बनाउने सहकारीको प्रयास प्रशंसनीय रहेको उनीहरूको भनाइ थियो।

साधारण सभामा संस्थाको नीति तथा नियम, सदस्य सेवा सुविधा, बचत तथा ऋण व्यवस्थापन र पारदर्शिताबारे पनि चर्चा गरिएको थियो। सहभागीहरूले सहकारीलाई अझ विश्वासिलो र उत्तरदायी बनाउँदै लैजान सबै सदस्यको सक्रिय सहभागिता आवश्यक रहेकोमा जोड दिएका थिए।

अन्त्यमा, संस्थाले आगामी दिनमा कृषि प्रविधि विस्तार, किसान तालिम, उत्पादन, बजारिकरण तथा सहकारी सुदृढीकरणका कार्यक्रमहरूलाई निरन्तरता दिने निर्णय गरेको जानकारी दिए।

# अन्ततः फुट्यो कांग्रेस



काठमाडौं, ३० पुस। नेपाली कांग्रेसभित्र रूपान्तरण चाहने र नचाहनेबीचको संघर्ष बढ्दै जाँदा देशको सबैभन्दा ठूलो दल विभाजन भएको छ। सभापति शेरबहादुर देउवाको नेतृत्वमा चुनावमा जान नसकिने भन्दै विशेष महाधिवेशन पक्षधर नेताहरूले पटक पटक माग गरे पनि देउवा पद छोड्न तयार नभएपछि पार्टी फुटेको हो।

देउवा समूहले महामन्त्रीद्वय गगन थापा र विश्वप्रकाश शर्मा तथा सहमहामन्त्री फर्मुल्लाह मन्सुरलाई पाँच वर्षका लागि कारबाही गरेको छ। यता विशेष महाधिवेशनले अब सभापतिमा गगन थापालाई चयन गर्ने प्रक्रिया अघि बढाएको छ। पार्टीको संस्थापन पक्षको बहुमत रहेको समितिले पार्टीको निर्णय विपरीत विशेष महाधिवेशन आह्वान गरेका कारण तीन जनालाई अनुशासनको कारबाही गरेको बैठकपछि प्रचार विभाग प्रमुख मीनबहादुर विश्वकर्माले जानकारी दिनुभयो।

दुई पक्षबीच सहमति गर्ने प्रयास विफल भएपछि पार्टीको कार्यवाहक सभापति पूर्णबहादुर खड्काको अध्यक्षतामा केन्द्रीय कार्यसमितिको बैठक सानेपामा बसेको हो। दुई पक्षबीच केही दिनदेखि भएको वार्ताबाट परिणाम ननिस्किएपछि आज बिहान दुई महामन्त्री र पार्टी सभापति शेरबहादुर देउवाबीच छलफल भएको थियो। पार्टी एकता कायम राख्नका लागि वार्तामार्फत सहमति जुटाउने प्रयास भइरहेको भन्दै आयोजकहरूले दुई दिनका लागि डाकिएको विशेष महाधिवेशन लम्ब्याएका थिए।

संस्थापन भनिएको पक्षले कारबाहीको घोषणा गरेपछि विशेष महाधिवेशन पक्षधरहरूले त्यसबारे प्रतिक्रिया दिएका छन्। संस्थापन पक्षले कारबाही गरेको निर्णय सार्वजनिक भएपछि विशेष महाधिवेशन स्थलमा सम्बोधन गर्दै महामन्त्री थापाले पार्टी विभाजित नभएको दाबी गर्नुभयो। उहाँले विशेष महाधिवेशन नै मूल पार्टी भएको तर्क गर्नुभयो। संविधान र निर्वाचन आयोगले विशेष महाधिवेशनलाई आधिकारिकता प्रदान गर्ने उहाँको दाबी छ।

थापाले बिहान पार्टी सभापति शेरबहादुर देउवासँग भएको भेटमा आफूहरूले विशेष महाधिवेशनबाटै अन्तरिम नेतृत्व चयन गरेर जान सुझाव दिएको तर त्यसको सुनुवाइ नभएको बताउनुभयो। आमचुनावमा पार्टीले आफ्नो प्रधानमन्त्री उम्मेदवार जो भए पनि तोकेर जाऔँ तर देउवा हैनन् भन्नुपर्ने माग आफूहरूको रहेको उहाँको भनाइ छ।

थापा र शर्माको आह्वामा गएको आइतवार शुरू भएको विशेष महाधिवेशनले नेतृत्व परिवर्तन गर्ने प्रक्रिया अघि बढाइसकेको छ। हिजो विशेष महाधिवेशनको बन्दसत्रमा सम्बोधन गर्दै महामन्त्री विश्वप्रकाश शर्माले अर्का महामन्त्री गगन थापालाई पार्टीको नेतृत्व र देशको प्रधानमन्त्रीका रूपमा अघि सारिने बताउनुभएको थियो। विशेष महाधिवेशनमा सक्रिय रहेका नेता प्रदीप पौडेलले अब आजै पार्टी नेतृत्वको चुनावी प्रक्रिया अघि बढ्ने बताउनुभयो।

# पिकअप भ्यानबाट २०३ केजी गाँजा बरामद

रौतहट, ३० पुस। बाराको जितपुर सिमरा उपमहानगरपालिका–१८ बडर्वा क्षेत्रमा प्रहरीले ठूलो परिमाणमा लागू औषध गाँजासहित एक जनालाई पक्राउ गरेको छ। मनहरिबाट कलैयातर्फ जाँदै गरेको नेपाली योद्धा पिकअप भ्यानबाट २०३ केजी ८५० ग्राम गाँजा बरामद गरिएको हो। प्रहरीका अनुसार मंगलबार पिलुवा–कलैया भित्री सडक खण्डमा शङ्काका आधारमा बीए सी २३४३ नम्बरको पिकअप गाडी रोकी चेकजाँच गर्दा गाडीको पछिल्लो भागमा फल्स बटम बनाई लुकाइछिपाइ ल्याइएको २० पोका गाँजा फेला परेको हो।

प्रहरी चौकी जैतापुरबाट असई निलप्रसाद मैनालीको कमान्डमा खटिएको टोली र अस्थायी ट्राफिक प्रहरी पोष्ट पिलुवाबाट प्रहरी हवलदार अनवर हुसेनको संयुक्त चेकिङ टोलीले गाँजा बरामद गरेको थियो। गाडी चालक मकवानपुरको मनहरी गाउँपालिका–६ निवासी २४ वर्षीय निशान बहादुर सुनचुरीलाई गाँजासहित नियन्त्रणमा लिइएको छ। उनलाई थप अनुसन्धान तथा कारबाहीका लागि दिउँसो करिब १२:२५ बजे इलाका प्रहरी कार्यालय सिमरा बारामा पठाइएको जिल्ला प्रहरीले जनाएको छ। पिकअप गाडी प्रहरी चौकी जैतापुरमै राखिएको छ।

यसैबिच, जिल्ला प्रहरी कार्यालय बारा मातहतका प्रहरी इकाईहरूले अदालतबाट दण्ड–सजाय तोकिएर फरार रहेका तीन जना प्रतिवादीलाई पनि पक्राउ गरेका छन्। जिल्ला अदालतबाट फैसला भइसकेका तथा चालु मुद्दामा वारदातपछि फरार रहेका व्यक्तिहरू लुकिछिपी बसेको अवस्थामा पक्राउ परेका हुन्। पक्राउ पर्नेमा बैंकिङ कसुर मुद्दामा एक करोड रुपैयाँ विगो तोकिएका सिन्धुपाल्चोक बाह्रबिसे नगरपालिका–२ स्थायी ठेगाना भई हाल ललितपुर इमाडोलमा बस्दै आएका ४० वर्षीय श्री तामाङ रहेका छन्। यस्तै, लागू औषध मुद्दामा जीतपुर सिमरा उपमहानगरपालिका–१६ का २७ वर्षीय उमेश भोलन पक्राउ परेका छन्। उनी लामो समयदेखि फरार रहेका थिए। लेनदेन (विगो) सम्बन्धी मुद्दामा बारागढी गाउँपालिका–६ की ६५ वर्षीया हलिया थरुनी पनि पक्राउ परेकी छन्। उनलाई इलाका प्रहरी कार्यालय बारागढीबाट खटिएको प्रहरी टोलीले नियन्त्रणमा लिएको प्रहरीले जनाएको छ।

# सरकार निष्पक्ष र धाँधलीरहित निर्वाचन गराउन प्रतिबद्ध छ : गृहमन्त्री अर्याल

जनकपुर, ३० पुस। गृहमन्त्री ओमप्रकाश अर्यालले निष्पक्ष तथा धाँधलीरहित निर्वाचन गराउने प्रतिबद्धता व्यक्त गरेका छन्। जनकपुरधाममा आयोजित मधेस प्रदेशस्तरीय सुरक्षा गोष्ठीलाई सम्बोधन गर्दै गृहमन्त्री अर्यालले सो कुरा बताएका हुन्। उनले वर्तमान सरकार निर्वाचन गराउने म्यान्डेट लिएर बनेको सरकार रहेकाले निष्पक्ष निर्वाचन गराई छोड्ने प्रतिबद्धता समेत व्यक्त गरे। उनले भने ‘यो सरकारको सुशासन तथा निष्पक्ष र धाँधलीरहित निर्वाचन गराउने म्यान्डेट रहेको छ। सोही लक्ष्य अनुरूप वर्तमान सरकारले काम गरिरहेको छ।’

उनले स्वतन्त्र व्यक्तिहरूको नेतृत्वमा बनेको सरकारले दलीय पक्षधरता नराखी निर्वाचन गराउने प्रतिबद्धता समेत व्यक्त गरे। देशमा निर्वाचनको माहौल निर्माण भइसकेको दाबी गर्दै गृहमन्त्री अर्यालले यसका लागि नागरिक तथा त्यसभित्र पनि जेनजी पुस्तासँग सहकार्य गरेर सरकार अगाडि बढिरहेको बताए। अर्को एक प्रसङ्गमा गृहमन्त्री अर्यालले अपराध रोक्न सरकार कटिबद्ध रहेको समेत बताए। उनले अपराध तथा हिंसा नियन्त्रणका लागि सरकारले सुरक्षा निकायको मनोबल बढाउने दिशामा समेत काम गरिरहेको बताए।

गृहमन्त्री अर्यालले अभिव्यक्ति स्वतन्त्रताको नाममा जे पायो त्यो बोल्न छुट नहुने समेत बताए। उनले अभिव्यक्ति स्वतन्त्रताको नाममा साम्प्रदायिक हिंसा र धार्मिक द्वन्द्व फैलाउने तथा राजनीतिक हिंसा भड्काउने खालको अभिव्यक्ति दिने छुट नहुने समेत बताए। कार्यक्रममा मधेसका मुख्यमन्त्री कृष्ण यादवले प्रहरी समायोजन छिट्टै हुनुपर्ने बताए। उनले संविधानको मर्म अनुसार प्रहरी समायोजन नहुँदा प्रदेशमा हुने घटनाहरूको जिम्मेवारी प्रदेशले लिने वा संघले लिने भन्ने विषयमा संशयको स्थिति रहेको स्पष्ट पारे।

मुख्यमन्त्री यादवले भने ‘संघीयता बोझिलो भयो, यसले के नै गर्‍यो जस्तो भाष्य निर्माण भइरहेको छ, एक हिसाबले यो सही पनि हो’ अगाडि भने– ‘प्रहरी समायोजन नभएकाले र संविधान अनुरूप अधिकारहरू प्रदेशमा हस्तान्तरण नभएकाले यस्तो स्थितिको सिर्जना भएको छ।’ मुख्यमन्त्री यादवले अहिलेको परिस्थितिमा भयरहित वातावरणमा निर्वाचन हुनेमा संशय रहेको समेत बताए। उनले प्रहरीबाट लुटिएका हतियार र जेल तोडेर भागेका अपराधीहरू बाहिर रहेको स्थितिमा भयरहित वातावरणमा निर्वाचन हुनेमा शङ्का रहेको बताए।

# निर्वाचनलाई शान्तिपूर्ण रूपमा सम्पन्न गराउन मुख्यमन्त्री यादवद्वारा आग्रह



धनुषा, ३० पुस। मधेस प्रदेश सरकारका मुख्यमन्त्री कृष्णप्रसाद यादवले यही फागुन २१ गते हुने प्रतिनिधिसभा निर्वाचनलाई शान्तिपूर्ण वातावरण सम्पन्न गर्न/गराउन संघीय सरकारलाई आग्रह गरेका छन्।

संघीय गृह मन्त्रालय र मधेस प्रदेश सरकारको गृह, सञ्चार तथा कानुन मन्त्रालयद्वारा संयुक्त रूपमा आज जनकपुरधाममा आयोजित एकदिने प्रदेशस्तरीय सुरक्षा गोष्ठी बैठकमा उनले निर्वाचन भयरहित वातावरणमा सम्पन्न गराउन सरकारका साथै सरोकार भएका निकायबीच आपसी समन्वय र सहकार्य हुनुपर्ने आवश्यकता औँल्याए।

मुख्यमन्त्री यादवले कतिपय फरार कैन्दीबन्दी अझै बाहिर रहेकाले समाजमा त्रासको वातावरण कायम नै रहेकाले सुरक्षा पहिलो प्राथमिकतामा पर्नुपर्नेमा जोड दिए। “अहिले कतिपय राजनीति दलको प्रदर्शन भइरहेको छ, सुरक्षा निकायका भौतिक संरचना क्षतिग्रस्त भएका छन्, लुटिएका हतियार फिर्ता आउन नसकेको वर्तमान अवस्थामा निर्वाचन गराउनु चुनौतीपूर्ण भएकाले यसतर्फ वर्तमान संघीय सरकार र गृह प्रसाशनले छुट्टै संयन्त्र बनाएर शान्तिपूर्ण वातावरण बनाउनुपर्ने आवश्यकता छ”, उनले भने।

मुख्यमन्त्री यादवले २०७५ सालमा मधेस प्रदेश सरकारले प्रहरी ऐन बनाएको बताउँदै उक्त ऐनअनुसार प्रहरी समायोजन नहुँदा प्रभावकारी रूपमा शान्तिसुरक्षा प्रत्याभूति गराउन कठिनाइ भएको बताए।

सो अवसरमा मधेस प्रदेशका गृह, सञ्चार तथा कानुनमन्त्री फकिरा महतोले तीनै तहको सरकारबीच समन्वय र सहकार्य भएमा कार्यसम्पादनमा सहजता आउने धारणा राखे। उनले प्रहरी समायोजन नहुँदा शान्ति सुरक्षालगायत कार्यमा समस्या भएको उल्लेख गरे।

गोष्ठीमा मधेस प्रदेशका आठवटै जिल्लाका सुरक्षा समितिका पदाधिकारीहरूले जिल्लागत सुरक्षा अवस्था, विद्यमान चुनौती र आसन्न निर्वाचनलाई लक्षित सुरक्षा रणनीतिबारे विस्तृत छलफल गर्ने कार्यक्रम रहेको छ। बैठकमा तीनवटै सुरक्षा निकायका प्रमुख, नेपाली सेनाका रथी तथा संघीय गृह मन्त्रालयका गृहसचिव राजकुमार श्रेष्ठ, सहसचिव आनन्द काफ्ले लगायत उच्च पदस्थ सरकारी अधिकारी तथा कर्मचारीहरूको उपस्थिति छ। गोष्ठीले प्रदेशको समग्र सुरक्षा व्यवस्थालाई मजबुत बनाउँदै आगामी निर्वाचनलाई सुरक्षित र मर्यादित रूपमा सम्पन्न गर्न महत्वपूर्ण योगदान पुर्‍याउने अपेक्षा गरिएको छ।


## पेन्सनपट्टा हराएको सूचना

यही मिति २०८२।९।१५ गतेका दिन गोलबजार देखि घर जाने क्रममा बिमल कुमार उरावँ नाम गरेको पेन्सन पट्टा हराएको हुँदा पाउनु हुने महानुभावले नजिकको प्रहरी कार्यालय वा निवदेकलाई उपलब्ध गराई दिनु हुन हार्दिक अनुरोध गर्दछौं।

**नाम : बिमल कुमार राउवँ**
**पेन्सनपट्टा नम्बर : २१५०००००७६१८**
**सिलसिलावर नं. : ६४३४०**
**ठेगाना : बल्कवा–१, सिरहा**
**मोबाईल नं. : ९८१७७३८८३३**


मार्गानुगामी राष्ट्रिय दैनिकका लागि **प्रकाशक :** राम बाबु यादव, **सम्पादक :** कमलेश कुमार यादव, **सह–सम्पादक :** सत्य नारायण चौधरी, **कानुनी सल्लाहाकार:** कृष्ण प्रसाद दंगाल **कम्प्यूटर ले–आउट : मार्गानुगामी दैनिक कार्यालय :** गोलबजार न.पा–६ (सिरहा) फोन नं. ०३३५४०३५६, ९८५२८३२६३४ e-mail : mgnd2070@gmail.com, website : www.marganugami.com, **मुद्रक :** न्यू यदुवंशी अफसेट प्रेस, लहान, (सिरहा)